नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 25 No 10 Monthly International Edition of Herald of His Coming October 2024

वर्ष २५, अङ्क १० हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (कार्तिक, २०८१)

परमेश्वर तल ओर्लदै हुनुहुन्छ ?

Good Coming Down

Vol. 83 No (978)
Nov/Dec 2024

"आकाश फटाएर तपाईं तल आउनु भए र तपाईंको सामुन्ने पर्वतहरु कामेका भए त हुने थियो ! आगोले झिंजामिजा डढाएर र पानी उमालेझैं तपाईंका शत्रुहरुलाई आफ्नो नाउँ प्रकट गर्न, र जाति जातिहरु तपाईंको उपस्थितिमा कामुन् भनेर तपाईं तल आउनुहोस् ।" (यशैया ६४:१ - २)

यशैया अगमवक्ताले यो खण्डलाई लेख्दा उनी इस्राएलीको आत्मिक अवस्था एकदमै खस्केको अवस्थामा थिए । उनको अधर्मको कचौरा लगभग आइसकेको थियो । त्यो देश अब छिटै अरु कसैको निर्वासन तिर जाँदै थियो । परमेश्वरको क्रियाकलाप सँग धेरै समस्याका तिर जाँदै थियो । परमेश्वरको क्रियाकलाप सँग धेरै समस्याका पहाडहरु खडा भएका थिए । मानिसहरु विभाजित भएका थिए, यस्तो अवस्थामा कुनै कुराले पनि तिनीहरुलाई परमेश्वर कहाँ फर्काएर ल्याउन सक्छ जस्तै थिएन । मानिसहरुको माझमा परमेश्वरको डर भन्ने कुरानै थिएन । परमेश्वरको सम्बन्धमा तिनीहरु मनतातो जस्तै भएका थिए । तिनीहरुले परमेश्वर कहाँ हुनुहुन्छ खै ? भनेर हँसाउने मात्र काम गर्दथे । परमेश्वरसँग राम्रो सम्बन्ध हुन धेरै प्रकारका वाधाहरु तिमीहरुले भोगिरहेका थिए । यस्तो अवस्थामा यशैयाले अगमवाणी गर्दै केवल परमेश्वर तल आउनु भएपछि मात्र यो समस्या सुल्झन सक्दछ भनी मानिसहरुलाई चेतावनी दिए । यदि उहाँले आफ्नो उपस्थिति देखाउनुभयो भने मात्र अगाडि देखिने सम्पूर्ण समस्याहरुको समाधान हुन सक्छ ।

उहाँको उपस्थितिमा पहाडहरु काम्ने थिए, शर्वशक्तिमान परमेश्वरको अगाडि कुनै कुरा पनि टिक्न सक्ने थिएन । उहाँको उपस्थितिले मात्र सम्पूर्ण समस्याहरुलाई हल गर्न सक्छ । यशैयाले जलिरहेको आगोले मात्र तिमीहरुको समस्याहरु भष्म पार्न सक्छ भन्ने राम्रोसँग बुझेका थिए । यो परमेश्वरको शक्ति थियो । उनले आगोले मनतातो भएको पानीलाई उमाल्न सक्छ भनी स्पष्ट पारेका छन् । यसको साथै यो अचम्मको महान कार्यले विरोधीहरुलाई पनि जानकारि गराइनेछ अब शंकाहरु हट्नेछन्, उहाँको मानिसहरुले आफ्ना गल्तिहरु देख्नेछन् र परमेश्वरको उपस्थितिले तिनीहरु थरथरी काम्ने छन् । यो परमेश्वरको महान उपस्थिति हरेकले अनुभव गर्नेछन् ।

आज पनि यस्तै अवस्था छ :

निसन्देह, आज हामी पनि यशैयाको समयमा जस्तै बाँचेका छौं । महान देश अमेरिकाको अवस्था ठ्याक्कै त्यस्तै छ । सबै ठाउँमा परमेश्वरका मानिसहरुको विचमा विभाजन छ, हजारौंले आफ्नो विश्वासलाई गुमाएका छन्। पहिलो प्रेमलाई धेरैले विर्सेका छन् । यी समस्याहरुको समाधान परमेश्वरको नजिक जानु र उहाँको उपस्थितीलाई

अनुभव गर्नु हो । आज हाम्रो विभिन्न सेमिनारहरु,कार्यक्रमहरु, प्रचारहरु, गीत-संगीतहरु, रेडियो, टेलिभिजनका कार्यक्रमहरुद्वारा मानिसले कोशिस गरेकै छन् तर असफल । तर यदि परमेश्वरलाई हाम्रो बिचमा स्वागत गर्ने हो र परमेश्वर तल ओर्लेर हाम्रो बिचमा आउनु भए त सबै कुराहरु सम्भव छ । उहाँको उपस्थितिले पर्वतहरु पग्लनेछन्, समस्याका पहाडहरु नभएपछि परमेश्वरका मानिसहरुको बिचमा विभाजन हट्नेछ । हरेक मानिस उहाँको म महिमित शरीरमा एकजुट भएर आउने छौं । त्यो भन्दा अझै बढी उमालेका मानिसहरुलाई ईश्वरिय आगो लगाइनेछ, पानीलाई दाउराले उमाले जस्तै हामी उम्लनेछौं । खीष्टका शत्रुहरुले परमेश्वरको शक्ति साँच्चै छ भनी थाहा पाउने छन् । खिष्ट विरोधीहरुले उहाँको नाम राम्रोसँग जान्नेछन् । यशैयाको यो घटनाले हामीलाई परमेश्वर तल मानेर हामीमा उहाँको उपस्थिति नहुने अवस्थालाई पूर्णरुपमा उहाँको उपस्थितिले मुटु हल्लाउने छ । जस्तो लेखिएको छ" तपाईंको नाउँ लिने कोही पनि छैन, तपाईंलाई समात्न कसैले प्रयत्न गर्दैन, किनकि तपाईंले आफ्नो मुख हामीदेखि लुकाउनु भएको छ र, हाम्रा पापले गर्दा वेकम्मा पार्नुभएको छ ।"(६४: ७) हामी सत्यको सामना गरौं, परमेश्वर किन होला तुरुन्त तल ओर्लेर नआउनुहुने ? उत्तर ठ्याक्कै छ । उहाँका मानिसहरु पछाडि छन्, आज परमेश्वरलाई तल आउन वाध्य पनि प्रार्थना उहाँका मानिसहरु सँग छँदै छैन । एकजना पनि भेट्टाउन मुस्किल छ । यदि उहाँका मानिसहरुले साँच्चै बोलाउन सुरु गरे भने उहाँ मानिसहरुको अवस्था जस्तो सुकै भए पनि अवश्य आउनु हुनेछ ।

मण्डली इतिहासमा धेरै घटनाहरु घटेका छन् जसले प्रमाणित गर्दछ कि, परमेश्वरको शक्तिले संसारलाई हल्लाउन सक्ने मानिसहरु धेरै नै आए तिनीहरुलाई प्रार्थनाका मानिसहरु मानिन्छ । परमेश्वरलाई मानिसको विचमा तान्ने तरिका भनेको प्रार्थना हो ।

आजकाल कष्टप्रद प्रार्थना परमेश्वरका मानिसहरुले त्यति गरेको पाईंदैन । आज हामीले चिनेका इसाई राष्ट्रहरुमा पनि पुरानो करारमा गरिएको प्रार्थना विरलै पाइन्छ । तर हामीले थाहा पाउनु पर्दछ कि संसारको इतिहासमा आत्मिक जागृति हुनको लागि प्रार्थना विना सम्भव नै छैन । साँचो प्रार्थनाले परमेश्वरलाई असल प्रकारले समात्न सक्दछ स्वाभाविक, प्रार्थनाले अब पुग्दैन, निरासलाई आशा दिन विशेष प्रार्थनाको खाँचो पर्दछ ।

पिडादायी प्रार्थनाका महिनाहरु

इमान रोवर्टका समयमा यो कुरा सत्य प्रमाणित भएको थियो । उनको समयमा वेल्समा एकदमै दुख दायी प्रार्थना भयो जसले गर्दा वरिपरिनै प्रभाव पऱ्यो । यसको एउटा असल उदाहरण हामी उत्पत्तिको पुस्तक ३२ अध्याय २४ - ३० सम्मा याकुवले स्वर्गदूत सँग गरेको कुस्तिलाई हेर्न सक्छौं त्यति बेला वेल्समा त्यस्तै भएको थियो मानिसहरु प्रार्थनाद्वारा परमेश्वरसँग कुस्ति खेलिरहेका थिए । प्रार्थनाले परमेश्वरको उपस्थितिलाई तल झार्छ भन्ने असल उदायहरण दानिएलको पुस्तक ९ : १ - २३ मा हेर्न सक्नुहुन्छ । "…..जसै शियोन कष्टमा पऱ्यो तब उनले बालकहरु जन्माए ।"

प्रार्थनाको अर्थ युद्द हो :

कति पटक मैले यसरि प्रार्थना गर्छु " प्रभु मलाई त्यो कुरा देखाइदिनुहोस जसलाई प्रार्थना गर्न मानिसहरुले विर्सेका छन् ।" दुस्टलाई पनि थाहा छ कि प्रार्थनाको शक्ति सबैभन्दा ठूलो हतियार हो । जुन परमेश्वरले शत्रुको विरुद्धमा प्रयोग गर्नको लागि हाम्रो हातमा दिनुभएको छ । दुष्टलाई यो पनि थाहा विभिन्न प्रकारले उसले परमेश्वरका मानिसहरुलाई प्रार्थना गर्न देखि रोक्न सक्यो भने उसले जागृतिलाई नै रोक्यो । त्यसैले उसले पवित्र आत्मामा भएर प्रार्थना गर्न देखि रोक्नको लागि आफ्ना अन्तिम अस्त्र प्रयोग गर्दछ ।

राम्रा कुराहरुमा व्यस्त -यदि तपाईंले प्रार्थना गर्नु सुरु गर्नु भयो भने तपाईं आत्मिक रुपमा शत्रुसँग युद्ध गर्दै हुनुहुन्छ । दुष्टले तपाईं माथि सुस्ती ल्याइदिन्छ, उसले तपाईंलाई प्रार्थना तिर केन्द्रित हुन नदिइ अर्कै कुरा तिर तपाईंको ध्यान लैजान्छ । प्रार्थना गर्न देखि रोक्न उसले तपाईंलाई सूर्यमुनि भएका सम्पूर्ण शास्त्र-अस्त्रहरु प्रयोग गर्दछ । दुष्टलाई यो राम्रोसँग थाहा छ यदि तपाईंले प्रार्थनाद्वारा उत्तर प्राप्त गर्नु भयो र परमेश्वर तपाईंसँग हुनुभयो भने त्यो

दुष्टको ठूलो असफलता हो, त्यसैले तपाईंको प्रार्थनमा उत्तर नआओस् भनी उसले भरमग्दुर प्रयास गर्दछ ।

तपाईंले राम्रोसँग प्रार्थना गर्नुभयो तर प्रार्थना कष्टप्रद भएन भने तपाईंको प्रार्थना व्यर्थ हुन्छ त्यसले मानिसको जीवनलाई परिवर्तन गर्न सक्दैन । परमेश्वरबाट उत्तर पाएको प्रार्थना उहाँको इच्छा अनुसारको भएकाले हामी सफल हुन्छौं । मत्ती १७:२० मा येशूले भन्नुभयो "तिमीहरुका लागि कुनै पनि कुरा असम्भव हुने छैन ।"

यो दुष्टलाई राम्रोसँग थाहा छ र उसले यो युगमा मानिसहरुलाई प्रार्थनामानै असफल पार्न खोज्दछ र कति हदसम्म सफल पनि भएको छ । दुष्टले हामीलाई प्रार्थना गर्न समय निकाल्नै दिँदैन, हामीलाई व्यस्त पारिदिन्छ र परमेश्वरका मानिसहरुले प्रार्थनाको महत्वनै नबुझोस् भन्ने उसले चाहन्छ ।

जिम्मेवारी

के परमेश्वरले हामीलाई स्वर्ग साँचिराख्नु भएको छ र त्यस प्रति हामी जिम्मेवारी हौं भन्ने थाहा छ ? यो विचारलाई हामी अहिले अस्विकार गर्न सक्छौं तर माग्न भने सक्दैनौं । हामी एक दिन न्याय आसनमा उभिनु पर्ने छ ।

त्यतिबेला हामीलाई दिइएको जिम्मेवारी पुरा नगरेकोमा पछुतो मानेर काम छैन किनकि त्यतिबेला धेरै ढिलो भइसकेको हुनेछ । किनभने स्वर्ग पुगेपछि परमेश्वरको शक्तिद्वारा शक्तिशाली विजयको अवसर सदाको लागि समाप्त हुनेछ । यसको लागि हामीले अरुलाई जिम्मेवारी दिन सक्दैनौं । हामी प्रत्येकले यसलाई आफ्नै रुपमा स्वीकार गर्नुपर्छ । हामी यस कुरालाई चारै तिरबाट हेर्नेछौं । परमेश्वर हाम्रो विचमा तुरुन्तै नआउने कारणहरुको लागि विचार गरौं । किनभने मानिसहरुले उहाँलाई राम्रोसँग पुकार गरेका छैनन् र तिनीहरुले यो विषयमा एकदमै पछाडि परेका छन् । परमेश्वरलाई "बोलाउनु" भन्ने शब्दले एकदमै ठूलो महत्व राख्दछ । अर्को प्रकारले हेर्ने हो भने यो शब्दले एकदमै निरासा पनि दिनसक्दछ । यसले उत्तेजित अवस्थालाई पनि जनाउँछ र मानिसहरुलाई निरासा तिर लैजान्छ । यसको अर्थ के हो भने यशैयाले भन्दछन् " परमेश्वरलाई पक्रिन आफैलाई उत्तेजित पार्न कोही छैन ।" यहाँ उनले प्रार्थनाको महत्वलाई पनि देखाउन खोजेका छन् कि प्रार्थना एक युद्धभूमि जस्तै हो । शत्रुले जहिले पनि प्रार्थनाको आत्मालाई दबाउन आफुले गर्न सक्ने सम्पूर्ण कुराहरु गर्न लागेको छ । यसको वदलामा एक व्यक्तिले प्रभावकारी रुपमा प्रार्थना गर्न आफैलाई उत्तेजित पार्नु आवश्यक छ ।

आजको ठूलो समस्या

परमेश्वरका मानिसहरुले उहाँबाट आशिष प्राप्त गर्न चाहन्छन् भने सधैं प्रार्थनामा उत्साह दिनु पर्दछ । उनीहरुको प्रार्थना परमेश्वर तल नओर्लेसम्म वा प्रार्थनाको उत्तर नपाएसम्म गरिरहनु पर्दछ । त्यसैकारणले हामीले हरेक मानिसलाई साँचो प्रार्थना गर्नको लागि उत्साह दिनुपर्दछ । यसो गर्दा हामीले युद्ध भित्र र युद्ध वाहिर हुन्छ भन्ने सिकाउनु पर्दछ । विश्वासीहरुको जीवन आत्मिक संघर्षको जीवन हो भन्ने कहिलै विर्सनु हुँदैन । परमेश्वरले हामीमा प्रेमको वास्तविक हृदय, आफ्नो जिम्मेवारीमा गम्भिर भएको हृदयको माग गर्नु हुन्छ । त्यो प्रेमको हृदयमा हामीले उहाँबाट सहायता पाउन अघिनै उहाँ वस्न चाहनुहुन्छ । उहाँले त्यस्तो हृदय खोजिरहनु भएको छ । आफूलाई उत्साहित पार्ने जिम्मेवारी हामी आफैले लिनुपर्दछ ।

जबसम्म हाम्रो हृदयले परमेश्वरसँग तालमेल गर्न इच्छुक हुँदैन तबसम्म परमेश्वरले हामीलाई सहयोग गर्नुहुन्न । उहाँले हामीलाई आशिष दिनु अगिनै हामी उहाँप्रति एकदमै वफादार हुनु जरुरी छ । नम्र र सहृदय भएको व्यक्तिको भित्र पट्टि परमेश्वरले सधैं आउन र वस्न चाहनुहुन्छ तर हाम्रो जीम्मेवारी हृदय सधैं आउन र वस्न चाहनुहुन्छ तर हाम्रो जिम्मेवारी हृदय सधैं तयारी रहनु पर्दछ । यसकारणले गर्दा आज संसारभरका परमेश्वरका मानिसहरुलाई सबैभन्दा ठूलो आव्हान भनेको परमेश्वरलाई पक्रिराख्न आफैलाई उत्साहित पार्नु नै हो । यदि हामीले यसो गर्यो भने परमेश्वर हाम्रो विचमा आउनुहुनेछ भन्ने विषयमा कुनै शंकाको छायाँ पनि हुने छैन । त्यसो भए, तपाईं जो कोही हुनुहुन्छ, प्रार्थनाको अत्यधिक महत्वलाई चिन्नुहोस् । परमेश्वरको उपस्थितीको लागि चिच्याउनु पर्दछ

भन्ने बुझ्नुहोस् । प्रार्थनाद्वारा मात्र परमेश्वरको उपस्थितीलाई प्रकट गर्न सकिन्छ भन्ने सत्यतालाई बुझ्नुहोस् । तपाईं आफैले प्रार्थनाद्वारा परमेश्वरलाई पक्रिराख्न, मध्यस्थ हुन सक्नुहुन्छ । उहाँलाई पक्रिराख्न सकिन्छ भन्ने विषयमा उत्साहित हुनुहोस् ।

यदि तपाईंले त्यसो गर्नु भयो भने, परमेश्वरले आफूलाई तपाईंकोमा प्रकट गर्नुहुनेछ । यो क्षणमा सावधान रहनु पर्ने कुरा चाहिँ परमेश्वरको कृपाले तपाईं युद्धमा लगातार रहन सक्नुहुन्छ र भाग्न पनि सक्नुहुन्छ । यति बेला तपाईंले दुष्टको महान् विरोध सामना गर्नुपर्ने हुन सक्छ । परमेश्वरमा गहिरिएर गरेको प्रार्थनामा उहाँले हामीलाई विजय दिनुहुन्छ । दुष्टले तपाईंलाई जहिले पनि निरुत्साह पार्न सक्दछ किनभने तपाईंलाई उसले घेरेर वसेको हुन्छ । तपाईं उठ्नुहोस् । दुष्टको विरुद्धमा खण्डन हुनुहोस्, विजय तपाईंको हातमा छ । आत्मिक हातहतियार धारणा गर्नुहोस्, किनभने हाम्रो लडाई शारिरीक होइन यो त आत्मिक हो ।

परमेश्वरको अगाडि आफ्नो मुहार देखाउनुहोस्, परमेश्वरलाई त पक्रेसम्म नछाड्नुहोस र उहाँसँगै रहनुहोस् । यदि तपाईं आफै अलि सुस्त भएको र अलि दिमाग घुमेको जस्तो महसुस गर्नुभएको छ भने, तपाईंको शरीर विरोधी धारणा निर्माण गर्नुहोस् । दानिएलको जस्तै, आफ्नो मुहार परमेश्वर तिर फर्काउनु होस्, र पूर्ण हृदयले परमेश्वरलाई पक्रिरहन प्रयास गर्नुहोस् ।

राष्ट्रका लागि आशाको साँचो श्रोत

(The True source of Hope for the Nation)

By Rich Carmicheal

अहिले अमेरिकाको नयाँ राष्ट्रपतिको निर्वाचनले धेरै मानिसहरुको ध्यान केद्रित गराएको छ । यो लेख पढ्दै गर्दा निर्वाचनको परिणाम तपाईंलाई थाहा भइसकेको पनि हुन सक्छ । अमेरिकाको राष्ट्रपती को निर्वाचनले अमेरिका तथा सम्पूर्ण विश्वलाई नै प्रभाव पार्छ । प्रमुख राजनैतिक दलहरु, अमेरिकी जनताहरु पहिला जस्तै एउटा विचारमा ध्रुविकृत भएको देखिन्छन् । यो निर्वाचन अझै जोखिम पूर्ण हुन सम्भावना पनि देखिदैछ । तथापि ध्यान दिनुपर्ने महत्वपूर्ण कुरा के हो भने, अमेरिका वा अरु कुनै देशको भविष्य त्यो देशको राजनीतिमा छैन आत्मिक कुरामा निर्भर गर्दछ । निसन्देह, सरकारको नीतिहरुले देशमा प्रभाव त पार्छ नै, ति भूमिका हरु महाननै हुन्, हामी विश्वासीहरु जुन पार्टिले निर्वाचनमा विजय हासिल गरेता पनि हामी सरकारको अधिनमा वस्नुपर्दछ र हामी सरकारको निम्ति प्रार्थना गर्नुपर्दछ । (रोमी १३:१, १ तिमोथी २:१-२) एकै समयमा परमेश्वरले हामीलाई नयाँ सरकारप्रति आशा राख्नको लागि उत्साह दिइएको छ । संसारका शासकले प्रभाव पार्छ तर साँचो आशा त परमेश्वरसँग मात्र गर्न सकिन्छ । ".....परमप्रभुनै मेरो सर्वस्व हुनुहुन्छ, यसैकारण म धैर्यसाथ उहाँको प्रतिक्षा गरिरहन्छु ।" (विलाप ३: २४) हाम्रो आशा केवल उहाँमा, उहाँको वचनमा, उहाँको मुक्तिमा, उहाँको दयामा लुकेको हुन्छ । (भजनसंग्रह ११९: ११४, १६६, १४७ : ११)

यदि मेरा मानिसहरु :

दोश्रो इतिहास ७:१४ मा यसरि लेखिएको छ "यदि मेरो आफ्नै नाउँ दिएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ र मलाई खोजेर आफ्ना दुष्टचालहरुबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरुको प्रार्थना सुन्नेछु र तिनीहरुका पाप क्षमा गर्नेछु, र तिनीहरुको देशलाई म स्वस्थ पार्नेछु ।"

परमेश्वरको आशा हाम्रो देशमा आयो भने त्यसले के फरक पार्छ होला ? परमेश्वरले हाम्रो आवाज स्वर्गबाट सुन्नुहुन्छ, हाम्रो पाप क्षमा हुन्छ र हाम्रो भूमि निको हुन्छ । यो खण्ड अनुसार राजनैतिक सरकारको के भूमिका होला ? संसारका शासकले हाम्रो जीवनमा परिवर्तन ल्याउन सक्दैनन् । हाम्रा परिवर्तन र आशा त केवल हाम्रा परमेश्वरबाट मात्र आउँछ । हामीले यो कुरा राम्रोसँग बुझ्ने हो भने हाम्रो देश कस्तो हुन्थ्यो होला ? अनि कुन कुराले यसका लागि मार्ग प्रसस्त गर्नेछ ? यदि हामी उहाँका मानिसको रुपमा, आफैलाई नम्र तुल्यायौं भने अवस्य

यो सम्भव छ । तपाईंले प्रार्थना गर्नुहोस् र उहाँको मुहार खोजी गर्नुहोस्, आफ्ना दुष्टमार्गबाट फर्कनुहोस् । हामीले यो कुरा बुझ्न एकदमै जरुरी छ कि परमेश्वरका मानिसहरुको रुपमा, हामीले गर्ने कुराले हाम्रो देशको सरकारले गर्ने कुराले भन्दा धेरै असर पार्दछ । जसरी येशूले हामीलाई सम्झाउनुहुन्छ "तिमीहरु यस पृथ्वीका नुन र ज्योति हौ ।" (मत्ती ५:१३ - १६)

अन्तिम दिनहरु

येशूको दोश्रो आगमन भन्दा पहिले गरिने यी क्रियाकलापहरु अति नै महत्वपूर्ण छन् । प्रेरित पत्रुसले यसरी लेखेका छन् "सबै कुराको अन्त नजिकै आएको छ । यसकारण आफ्ना प्रार्थनाको निम्ति शुद्ध मनको र सचेत भइरहो ।" (१ पत्रुस ४:७) पत्रुसले यो वचन लेख्दा जति सत्य थियो आज पनि यो वचन त्यत्तिकै सत्य साबित भएको छ । समय साँच्चै छोटो, हामीले सचेत भएर प्रार्थना गर्ने समय यहि नै हो । हामी आज परमेश्वरको राज्यभित्र पस्नु जरुरी छ । वाइबलमा एउटा घटना छ जस्तो मर्दकैले एस्तरलाई सोधेका छन् "यस्तो बेलामा तिमी चुपै लागी वस्यौ भने यहूदीहरुका निम्ति सहायता र छुटकरा अरु द्वारै आउने छ ।" (एस्तर ४ :१४)

यो घटनामा स्थिती एकदमै गम्भिर थियो र एस्तरले त्यसै अनुसारको जवाफ दिइन् । यो घटनामा ध्यान दिनुहोस् एस्तरले राजालाई तुरुन्तै भेट्नुपर्छ भन्ने लागेन, तर पहिला उनले परमेश्वरको अगुलाई खोज्ने प्रयास गरिन् । उनले मर्दकैलाई यसो भनिन् " गएर शूशनमा भेट्टाएका जति सबै यहुदीहरुलाई मेरो निम्ति उपवास वस्न भेला गर्नुहोस् । तीन दिन र तीन रात सम्म न खाने कुरा खानुहोस् न पानी पिउनुहोस् । म र मेरा चाकर्नीहरु पनि तपाईंहरु जस्तै उपवास वस्नेछौं । त्यसपछि कानुनको विरुद्धै भए पनि म राजा कहाँ जानेछु । यदि मेरो नाश हुन्छ भने पनि होस् ।" (एस्तर ४ :१६)

परमेश्वरले यस्तै प्रकारको प्रार्थना हामीबाट चाहनुहुन्छ र त्यसको उत्तर दिनुहुन्छ । यो घटनामा परमेश्वरको हस्तक्षेप भयो र एस्तरले आफ्ना मानिसहरुलाई वचाउन सफल भइन् । दुर्भाग्य वस यस्तो मध्यस्थताको प्रार्थना आजकल प्राय देखिदैन । अब हामी यशैयाको पुस्तकबाट पनि हेरौ, उनको समयमा मानिसहरुको विचमा मध्यस्थता नभएको उहाँले देख्नुभयो । यस्तो घटना देखेर उहाँ आश्चर्य चकित पर्नु भयो । (यशैया ५९:१६) यस्तै इजकिएलको समयमा पनि भएको थियो । परमेश्वर भन्नुहुन्छ "पर्खाल निर्माण गरिदिने र देश म द्वारा नष्ट नहोस् भनी देशको लागि मेरो सामुन्ने धाँदोमा उभिदिने एकजना मानिस तिनीहरुका विचनमा मैले हेरें तर कोही पनि पाइनँ ।" (इजकिएल २२:३०)

यो विषयमा ध्यान दिंदा, म यो आशा गर्दछु कि हामीले प्रार्थना र जागृति सम्बन्धि लेखेका धेरै लेखहरुद्वारा तपाईं अतिनै उत्साहित र प्रेरित हुनुभएको छ । आज परमेश्वर हामीद्वारा हाम्रो मण्डली, समाज, देशनै परिवर्तन होस् भन्ने चाहनुहुन्छ यो प्रार्थनाको उत्तर दिन उहाँ दयालु र वफादार हुनुहुन्छ । यशैया ६४:१ - २ ले भन्दछ परमेश्वर आकाश फटाएर तल ओर्लन चाहनुहुन्छ, पर्वतहरु हल्लिउन र जातिजातिहरु उहाँको सामु कामुन भन्ने उहाँ चाहनुहुन्छ । यो खण्डले दिने उत्साहलाई पनि ध्यान दिनुहोस् "किनकि संसारको सुरुदेखि मानिसहरुले न कानले सुनेका छन्, न आँखाले देखेका छन् तपाईं बाहेक अरु कुनै पनि परमेश्वरलाई मानिसहरुले देखेका छैनन् । उहाँलाई प्रतिक्षा, गर्नेहरुमा उहाँले काम गर्नुहुन्छ ।"

बाइबल अध्ययन

१ इतिहास ७ : १४, भजनसङ्ग्रह ३२ : ५, ३४ : १४, १८, ५१ : १-४, १७, यशैया ५५ : ६ - ७, ५७ : १५, ६१ : १- २, मत्ती ३ : २, ७ - ८, ५ : ४, मर्कूस १ : ४, १४ - १५, २ : १७, ६ : १२, लूका १५ : ३ - ७, १८ : १३ - १४, २४ : ४७, प्रेरित २ : ३८, २६ : २०, रोमी २ : ४ - ५, २ कोरिन्थी ७ : ८ - १०, २ तिमोथी २ : २५, हिब्रू १२ : १७, याकूब ४ : ८ - १०, १ यूहन्ना १ : ९, प्रकाश २ : ५,१६, ३ : २ - ३, १९ ।

१०/४० विन्डोमा केन्द्रित हुँदै

(Focusing On The 10/40 Window)

१०/४० विन्डो उत्तर अफ्रिका, मध्य पूर्व र एसियाको आयताकार क्षेत्र हो, जसको लगभग १० डिग्री उत्तरदेखि ४० डिग्री उत्तर अक्षांशको बीचमा पर्दछ । १०/४० विन्डोलाई प्रायः "प्रतिरोधी क्षेत्र" भनिन्छ, र यसले संसारका अधिकांश मुस्लिम, हिन्दू, र बौद्ध धर्मावलम्बीहरूलाई समावेश गर्दछ । मूल १०/४० विन्डोमा कम्तिमा ५०% भूमि क्षेत्र १० र ४० डिग्री उत्तर अक्षांशको बीचमा पर्ने देशहरू मात्र समावेश थिए । परिमार्जित १०/४० विन्डोमा १० वा ४० डिग्री उत्तर अक्षांशको नजिक रहेका र उच्च सङ्ख्यामा अपरिचित जनसमूहहरू भएका केही थप देशहरू समावेश गरिएका छन् ।

१०/४० विन्डोका केही महत्त्वपूर्ण विचारहरू छन्: पहिलो, ऐतिहासिक र बाइबलीय महत्त्व; दोस्रो, कम प्रचारित देशहरू; तेस्रो, अपरिचित जनजातिहरू र शहरहरू; चौथो, तीन प्रमुख धार्मिक ब्लकहरूको प्रभुत्व; पाँचौं, गरिबहरूको प्राबल्यता; र छैटौं, १०/४० विन्डोभित्र शैतानका किल्लाहरू ।

ऐतिहासिक र बाइबलीय महत्त्व सबैभन्दा पहिलो र आधारभूत कारण किन खीष्टका अनुयायीहरूले १०/४० विन्डोमा ध्यान केन्द्रित गर्नुपर्दछ भने यस क्षेत्रको बाइबलीय र ऐतिहासिक महत्त्वका कारण हो । बाइबलले आदम र हव्वाको विवरणबाट सुरु हुन्छ, जसलाई परमेश्वरले अहिलेको १०/४० विन्डोको केन्द्रमा राख्नुभएको थियो । उत्पत्ति १:२६ मा व्यक्त गरिएको परमेश्वरको योजना अनुसार मानिसले पृथ्वीमा अधिकार गर्नुपर्ने थियो । यद्यपि, आदम र हव्वाले परमेश्वरको विरुद्ध पाप गरे र आफ्नो शासनको अधिकार गुमाए । मानिसको पापपूर्ण व्यवहार बढ्दै गयो जबसम्म परमेश्वरले हस्तक्षेप गरेर पृथ्वीलाई प्रलयकारी बाढीले न्याय गरेनन् । त्यसपछि, मानिसले ठूलो बाबेलको टावरको निर्माणमा नयाँ शासन स्थापना गर्ने निष्फल प्रयास गर्यो । यो प्रयास, जुन १०/४० विन्डोको केन्द्रमै भएको थियो, परमेश्वरको खुला अवज्ञा थियो । एक पटक फेरि, परमेश्वरले न्यायको हात बढाउनुभयो । यसको परिणाम स्वरूप फरक भाषाहरूको परिचय, पृथ्वीका मानिसहरूको विखण्डन, र राष्ट्रहरूको निर्माण भयो ।

कम प्रचारित देशहरू १०/४० विन्डो संसारका अधिकांश अपरिचित देशहरूको घर हो । "अपरिचित" ती मानिसहरू हुन् जसले सुसमाचारको न्यूनतम ज्ञान राख्छन्, तर त्यसको प्रतिक्रिया दिने मान्य अवसर प्राप्त गर्दैनन् । यद्यपि यसले पृथ्वीको कुल भूमि क्षेत्रको मात्र एक-तिहाइ ओगटेको छ, तर संसारका करिब दुई-तिहाइ मानिसहरू १०/४० विन्डोमा बसोबास गर्दछन् ।

अपरिचित जनजातिहरू र शहरहरू १०/४० विन्डोमा जनसंख्या १० लाखभन्दा माथिका सबैभन्दा ठूला अपरिचित जनसमूहहरू पनि छन् । साथै, १०/४० विन्डोमा संसारका सबैभन्दा कम प्रचारित मेगासिटीहरू, अर्थात् १० लाख भन्दा बढी जनसंख्या भएका शहरहरू पनि समावेश छन् । शीर्ष ५० कम प्रचारित मेगासिटीहरू सबै १०/४० विन्डोमा छन् यो तथ्य मात्रले १०/४० विन्डोको महान् आयोग प्रयासहरूलाई प्राथमिकता दिन आवश्यकतालाई बल गर्दछ ।

तीन धार्मिक ब्लकहरूको प्रभुत्व १०/४० विन्डोमा संसारका चार प्रमुख धार्मिक ब्लकहरू छन् । इस्लाम, हिन्दू धर्म, र बौद्ध धर्मका अनुयायीहरूको बहुमत साथै गैर-धार्मिक ब्लकका मानिसहरू १०/४० विन्डोभित्र बसोबास गर्छन् । १०/४० विन्डोको बाँयातिर वा पश्चिमी भागमा, मुस्लिम संसारलाई उत्तरी अफ्रिका हुँदै मध्यपूर्वसम्मको फराकिलो पट्टीमा प्रमुख रूपमा देख्न सकिन्छ । दक्षिण एसिया, जुन १०/४० विन्डोको केन्द्रमा पर्दछ, हिन्दू धर्मको केन्द्र हो, जहाँ ३३ करोड देवी-देवता छन् । पूर्वी भागमा बौद्ध धर्मको प्रभाव छ ।

गरिबहरूको प्राबल्यता १०/४० विन्डो संसारका गरिबहरूको बहुमतको घर हो । संसारका सबैभन्दा गरिब मानिसहरूको बीचमा, आठमध्ये आठ

भन्दा बढीले १०/४० विन्डोमा बसोबास गर्दछन् । औसतमा, तिनीहरू प्रति व्यक्ति प्रति वर्ष केही सय डलरभन्दा कममा जीवन बिताइरहेका छन् । संसारका गरिबतम देशहरू र ती देशहरू जसमा कम प्रचार गरिएको छ, बीच उल्लेखनीय ओभरलाप छ ।

आध्यात्मिक किल्लाहरू १०/४० विन्डोमा थुप्रै आध्यात्मिक किल्लाहरू समावेश छन्। १०/४० विन्डोमा बसोबास गर्ने अर्बौं मानिसहरूले केवल गरिबी र रोगहरूको दुर्दशा मात्र होइन, उनीहरूलाई सुसमाचारको परिवर्तनकारी शक्तिबाट पनि वञ्चित गरियो । ती जनहरू दोस्रो कोरिन्थियनमा व्यक्त गरिएको सत्यको स्पष्ट उदाहरण हुन्, जसमा भनिएको छ: "यस युगको परमेश्वरले अविश्वासीहरूको मनलाई अन्धो तुल्याएको छ, ताकि उनीहरूले ख्रीष्टको महिमाको सुसमाचारको ज्योति नदेखून्, जो परमेश्वरको प्रतिमूर्ति हो" (४:४)।

पुनः केन्द्रित प्रयास २०० वर्षअघि ख्रीष्टियन मिसनरीहरूको समुदायको ध्यान संसारका तटीय क्षेत्रमा केन्द्रित थियो । एक शताब्दी पछि, तटीय क्षेत्रमा सफलता हासिल भएपछि नयाँ पुस्तालाई महादेशहरूको आन्तरिक भागहरूमा पुग्न प्रेरित गर्यो । पछिल्लो केही दशकहरूमा, आन्तरिक क्षेत्रको सफलता पछि अब मानिसहरूको प्रमुख ध्यान अपरिचित जनजातिहरूमा केन्द्रित भएको छ। आज, ख्रीष्टका अनुयायीहरू संसारका अपरिचित जनजातिहरूमा आफ्नो प्रयासहरू केन्द्रित गर्दैछन्, जसको अधिकांश १०/४० विन्डोमा पर्छ ।

ख्रीष्ट येशूका आज्ञाहरू

विश्वास सम्बन्धमा

- सु-समाचारमा विश्वास गर, मर्कूश १ :१५
- पिता र ममा विश्वास गर, यूहन्ना १४ : १
- मलाई पठाउनेलाई विश्वास गर, यूहन्ना : २८ - २९
- पिता ममा र म पितामा छौ भनेर विश्वास गर, यूहन्ना १४ : ११
- मैले गरेका काममा विश्वास गर यूहन्ना १० : ३७ - ३८
- मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर मकूर्श ११ : २४

नयाँ जन्मको सम्बन्धमा

- नयाँ गरि जन्मनै पर्छ, यूहन्ना ३ : ७
- तिमीभित्र भएकोलाई सफा गर मत्ती २३ : २६
- रुख राम्रो वनाउ र फल राम्रो हुन्छ मत्ती १२ : ३३
- म मा रहो र म तिमीहरूमा यूहन्ना १५:४
- नून जस्तै वन मकूर्श ९ : ५०
- अनन्त जीवनको निम्ति दुःख गर यूहन्ना ६:२७
- आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ लूका १०:२०

पवित्र आत्मा पाउने सम्बन्धमा

- पवित्र आत्मा लिओ : यूहन्ना २० :२२
- पहिला वालवालीकाले थाहा पाउन मकूर्श ७ : २७
- तिर्खाउने आओस र पिओस् - यूहन्ना ७ : ३७ -३८
- मेरो आज्ञा पालन गर पिताले आशिष दिनुहुन्छ यूहन्ना १४ :१५-१७
- आनन्दले माग पाउनेछौ यू. १६ : २४, लुका ११:५ - १३
- सल्लाहकारको गवाही दिनुहुन्छ यूहन्ना १५ : २६

येशूको पछि लाग्ने सम्बन्धमा

- मलाई पच्छाउ यूहन्ना १२ : २६
- बप्तिस्मा लेऊ मत्ती ३ : १३, २८ : १९
- मेरो सम्झनामा खाने गर लुका २२ : १७ - १९
- एक अर्काको खुट्टा धोऊ यूहन्ना १३ : १४-१५
- कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफै बोकोस् लुका ९ : २३
- मबाट सिक मत्ती ११ : २९
- मेरो प्रेममा रहो यूहन्ना १५ :९

प्रार्थना सम्बन्धमा

- सधै प्रार्थना गर, लुका २१ : ३६
- परीक्षामा नपर्न प्रार्थना गर लुका २२ : ४० - ४६
- खेतालाको निम्ति प्रार्थना गर लुका ६ : २८
- गाली गर्नेको निम्ति प्रार्थना गर लुका ६ : २८
- पितालाई ख्रीष्टको नाउँमा प्रार्थना गर मत्ती ६:६, यूहन्ना १६ : २४ - २६
- प्रभुको प्रार्थना मत्ती ६ : ९ - १३
- अन्य जातिले जस्तो प्रार्थना नगर मत्ती ६ : ७ - ८

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com